दाङ्ग जिल्लाको सिसहनियामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागिवित्तीय साक्षरतातालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ८१ ज्ना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फाल्गुण २२ गते दाङ्ग जिल्लाको सिसहनियामा **“ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम”** सम्पन्न गरेको संस्थाका सिसहनिया शाखा कार्यालयका प्रमुख श्री संजय चौधरीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री जिताराम गौतम र श्री संजय चौधरीले रहेका थिए ।
तालिमको उदघाटन तथा मन्तव्य राप्ती गाँउपालिका वडा नं.५ का वडा अध्यक्ष गोवर्द्धन रावतले दिनु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रमअधिकृत श्री जिताराम गौतमले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको सिसहनिया शाखा कार्यालयका प्रमुख श्री संजय चौधरीले ले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानीखर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु, खर्चको बजेट बनाउदा चाहना भन्दा अवश्यकतालाई बढि प्राथमिकता दिने र बचत गर्दा मेरो पैसा कहाँ सुरक्षित हुन्छा कुन बैक तथा वित्तीय संस्थामा बढी ब्याज पाइन्छ सोको जानकारी लिईमात्र बचत गर्ने आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको संस्था शाखाका शाखा प्रमुख श्री संजय चौधरीले बताएका थिए ।




यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्थाहो । संस्थाले १८२ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९३ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमाबसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतना मूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिमलिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ माघ मसान्त सम्ममा ३ लाख ४१ हजार ३८४ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ माघ मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ५३ करोड रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ८० करोड बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाकाग्राहक सदस्यहरुलाई थप ज्ञान, सप्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाक शाखा प्रमुख श्री संजय चौधरीले जानकारी गराएका थिए ।

